# नेपाल राजपत्र

## भाग ४

**श्री ५ को सरकारद्वारा प्रकाशित**

**काठमाडौं, चैत २५ गते २०३६ साल**

श्री ५ को सरकार

### प्रशासन व्यवस्था विभागको

### सूचना

श्री ५ को सरकारले मिति २०३६।७।६ को निर्णयानुसार श्री मकेश्वरप्रसाद वर्णवालले सहकारी विभाग, सहकारी प्रशिक्षण केन्द्र, काठमाडौंको प्रशिक्षक, नेपाल प्रशासन सेवा, राजपत्राङ्कित तृतीय श्रेणीको पदबाट दिनुभएको राजीनामा मिति २०३६।५।२१ देखि स्वीकृत गरेको छ।

आज्ञाले–

उपेन्द्रबहादुर अमात्य

श्री ५ को सरकारको उप-सचिव

श्री ५ को सरकार

### प्रशासन व्यवस्था विभागको

### सूचना

श्री ५ को सरकारले मिति २०३५।६।६ को निर्णयानुसार श्री खड्गबहादुर खत्रीले जिल्ला कार्यालय, भूमिसुधार शाखा रूपन्देहीको बचत अधिकृत नेपाल प्रशासन सेवा, राजपत्रांकित तृतीय श्रेणीको पदबाट दिनुभएको राजीनामा निर्णय मितिदेखि स्वीकृत गरेको छ।

आज्ञाले–

उपेन्द्रबहादुर अमात्य

श्री ५ को सरकारको उप-सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।